

**के तपाईको घर पानीले रसाएको छ ?**

**अब चिन्ता नगर्नुहोस !**

चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।

सम्पर्कः प्रगति ट्रेड कर्न्सन

रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)

०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा

**कलर भिजिटिङ कार्ड साथै तुरून्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा**

सम्पर्कः

०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क ३०७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ मंसिर १३ गते बिहीबार ❑ 28 Nov. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## सरकारी सञ्चारमाध्यमलाई प्रतिस्पर्धी बनाइन्छ : सञ्चारमन्त्री गुरूङ

**पोखरापत्र संवाददाता**

पोखरा, १२ मंसिर



नेपाल सरकारका प्रवक्ता तथा संचार तथा सूचना प्रविधि मन्त्री पृथ्वी सुब्बा गुरुङले सबै नेपालीको घर घरमा रेडियो नेपाल र नेपाल टेलिभिजनको पहुचमा पुऱ्याउने बताउनु भएको छ । सार्वजनिक सेवा प्रसारण संस्था रेडियो नेपाल सिंहदरबार काठमाण्डौंको आयोजनामा बुधबार पोखरामा आयोजित गण्डकी प्रदेशसंग समावेशी प्रसारण सम्बन्धमा मन्त्री गुरुङसंगको समाचार तथा कार्यक्रम प्रसारणको सवाल र प्रदेश सरकारको भूमिका बिषयक अर्न्तक्रिया कार्यक्रम बोल्दै उहाँले उक्त कुरा बताउनु भएको हो ।

सार्वजनिक प्रकाशन तथा प्रशारणका संस्थालाई परिमार्जन गरिने बताउदै मन्त्री गुरुङले छलफल कार्यक्रममा दिएको सुझावलाई मनन गर्ने वचन दिनु भयो । सार्वजनिक संचार माध्यमहरु (रेडियो नेपाल, नेपाल टेलिभिजन र रासस) लाई व्यवस्थित गर्दै जनताको प्रत्यक्ष पहुचमा पुऱ्याउने उहाँले दाबी गर्नु भयो । २०१३ साल देखिका पुराना ऐनबाट सरकारी संचार माध्यमहरुलाई संचालन हुदै आएकोले अब त्यसको संसोधन गर्दै पुनः संरचना गरी अघि बढाउने सरकारको योजना रहेको मन्त्री गुरुङले उल्लेख गर्नु भयो । २ करोड ८१ लाख जनताले सुन्ने गरि सेवा प्रवाह गर्दै नेपालको सबै घर धुरीमा रेडियो नेपालको पहुच पुर्याउनु पर्ने उहाँले बताउनु भयो । सरकारी संचार माध्यमहरू आफ्नो खुट्टामा उभिनु पर्ने बताउदै उहाँले रेडियो नेपाल र नेपाल टेलिभिजनलाई सबै राज्यका निकायले बिज्ञापन दिन सुझाव दिनुभयो । हालसम्म सबै भन्दा धरै भाषामा समाचार दिने गरेको रेडियो नेपाललाई अझ धैरै भाषामा समाचार दिदै कार्यक्रमहरु प्रभावकारी बनाउन रेडियोकर्मीले अझ बढी मेहनत गर्न उहाँको सुझाव थियो । सामाजिक संजाल टिकटकलाई सरकारले निमयन गर्दै शिक्षा र पर्यटन क्षेत्रमा लगानी गर्ने गरी सम्झौता गरेको उहाँल जनाउनु भयो ।

अनलाईन संचार माध्यममा बढी अराजक भएको मन्त्री गुरूङले बताउनु भयो । सामाजिक संजालमा अराजकता मौलाएको, दुर्गा प्रसाईं जस्ता व्यत्तिहरू चर्चामा आएको उहाँको भनाई थियो । लालपूर्जा र हुलाक टिकट नेपालमा छाप्न सुरू गरेको मन्त्री गुरूङले बताउनु भयो । पहिला काठमाडौं, पोखरा सहितका ६ महानगरबाट फाइप जिपि सुरू गर्ने उहाँले जनाउनु भयो ।

आगामी ३ बर्ष भित्र आईटि क्षेत्रबाट ३ लाख युवालाई रोजगार सृजना गराउने मन्त्री गुरूङले दाबी गर्नुभयो । सरकारले आईटि हब वनाउने योजना अघि सारेको उल्लेख गर्दै उहाँले डिजिटल नेपाल र पेपरलेस बनाउने योजानमा अघि बढेको उल्लेख गर्नु भयो । इन्टरनेट सेवालाई प्रभावकारी र कसरी सस्तो बनाउन सकिन्छ भन्ने बारेमा आफुहरुले गृहकार्य गरेको सुनाउदै मन्त्री गुरुङले नेपालको सुरक्षा, आफ्नो स्वाभिमानको लागि पनि आफ्नै स्याटलाइट बनाउनु पर्ने आफ्नो आकाशमा आफ्नै स्वामित्व हुनु पर्ने उहाँको भनाई थियो । हुलाक सेवालाई समय अनुसारको पुनःसंरचना गरी पालिका, जिल्ला र प्रदेश हुदै केन्द्रमा हुलाक सेवाका कार्यालयहरुमा व्यबस्थापन गर्ने सरकारको योजना रहेको उहाँले जनाउनु भयो ।नेपाली कांग्रेस गण्डकी प्रदेशका सभापति शुक्रराज शर्माले प्रजातन्त्रको पहिलो उपलब्धि रेडियो नेपाल भएको स्मरण गर्दै सबै नेपालीको संचार माध्यमको रुपमा बनाउन सुझाव दिनुभयो । रेडियो नेपालले २३ वटा स्टेसनबाट भौगोलीक रूपमा हिमालदेखि पहाड हुँदै तराईसम्म सेवा प्रवाह गर्दै आएको कार्यक्रम महाशाखा प्रमुख ताराप्रसाद वस्तीले बताउनु भयो । देशभर रेडियो नेपालको केन्द्रीय कार्यालयबाट ६ सहित २५ भाषाबाट भाषाबाट समाचार प्रशारण हुँदै आएको उहाँले जनाउनु भयो । नेपाल मगर संघ गण्डकीका अध्यक्ष तारामाया मगरले समय अनुसार रेडियो परिस्कृत हुन नसकेको गुनासो गर्नु भयो । तमु धिं नेपालका अध्यक्ष हुम बहादुर तमुले रेडियोले प्रविधिको अधित्तम प्रयोग गर्न सुझाव दिदै राष्ट्र भाषाको प्रबर्द्धन गर्न आग्रह गर्नु भयो ।

रेडियोका कार्यकारी निर्देशक अम्मर ध्वज लामाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा रेडियोका निर्देशक पुष्करराज गौतम, प्रादेशीक कार्यालय प्रमुख शान्ती गुरुङ, गण्डकी प्रदेशका प्रेस रजिस्टार बिमला भण्डारी, गण्डकी प्रज्ञा प्रतिष्ठानका कुलपति सुर्यखड्का विखर्ची, फोनिज गण्डकीका उपाध्यक्ष खिमा गुरूङ, डा.चन्द्र बहुदर गुरुङ, अग्रज पत्रकार उदयबहादुर अमात्य, पत्रकार कमल पौडेल अथक, बरिष्ठ संचारकर्मी पुरूषोत्तम न्यौपाने लगायतले रेडियोको बारेमा चर्चा गर्नु भयो । रेडियो नेपाल प्रादेशिक प्रशारण कार्यालय गण्डकी प्रदेश पोखराको समन्वयमा पोखरा लेकसाइडको माउन्ट कैलास रिसोर्टमा भएको कार्यक्रममा विभिन्न समुदायका व्यत्ति सहित विभिन्न संघ संस्थाका प्रतिनिधिहरूले रेडियोका कार्यक्रमहरु अझ प्रभावकारी बनाउन सहभागिले सुझाव दिनु भएको थियो ।

## पोखरा रंगशालामा यही मंसिर १५ गते निःशुल्क ध्यान शिविर हुने

**पोखरापत्र संवाददाता**

पोखरा, १२ मंसिर



पोखरामा यही मंसिर १५ गते शनिबार निःशुल्क ध्यान शिविर हुने भएको छ ।

पोखरा रंगशालामा शनिबार बिहान ७ः३० बजेदेखि दुई घण्टा संचालन हुने उक्त शिविरमा सहभागि हुन आव्हान गरिएको बुधबार पोखरामा आयोजित पत्रकार भेटघाट कार्यक्रममा जानकारी गराइएको हो ।

उक्त शिविरमा हिमालय समर्पण ध्यानकेन्द्रका प्रणेता महर्षि श्रीशिवकृपानन्द स्वामीजीको सहजीकरणमा ध्यान हुने भएको हो । नेपालमा अध्यात्मक ज्ञान प्राप्त गर्नु भएको स्वामी नेपाल भ्रमण वर्ष २०२० का पर्यटन सद्भावना दूत तथा आध्यात्मिक गुरुका रुपमा विश्वमै परिचित हुनु हुन्छ । ७२ देशमा ध्यान योग गर्दै पुग्नु भएको स्वामी नेपालमा भने चौथो पटक आउनु भएको हो । बुधबारको पत्रकार भेटघाट कार्यक्रममा बोल्दै मानव जीवनको स्वास्थ्यका लागि ध्यान र योग आवश्यक भएको दाबी गर्नु भयो । नेपाल भनेको तपो भूमि नै रहेको उहाँको भनाई थियो । यस कार्यक्रमले मानसिक, शारीरिक र आध्यात्मिक शुद्धिको अनुपम अनुभव दिने दाबी गर्दै उहाँले ध्यानले मानिसलाई एकाग्र बनाउने तनावबाट समेत मुक्त गराउने दाबी गर्नुभयो ।

पोखराका मेयर धनराज आचार्यले पोखरामा महानगरमा आयोजित पत्रकार सम्मेलनमा सहभागि हुनु भएको स्वामीलाई स्वागत गर्दै पोखरामा ध्यान र योगको माध्यमबाट समेत पर्यटन प्रबर्द्धन हुने दाबी गर्नु भयो । भारतको नागपुरमा आयोजित एक ध्यान शिविरमा आफु सहभगि हुदा दुई लाख भन्दा बढीको सहभागिताले मानिसहरुमा ध्यान र योगको महत्व बढेको मेयर आचार्यले जनाउदै नियमित ध्यान र योगले आफ्नो प्रेसर समेत हाल सन्तुलनमा आएको दाबी गर्नु भयो । ध्यान र योगले मानिसमा सकरात्मक बन्न प्रेरित गर्ने मेयर आचार्यको भनाई थियो ।

हिमालय समर्पण ध्यान योग नेपालले आयोजनामा पोखरा महानगरपालिका र नेपाल पर्यटन बोर्डको प्रबर्द्धकः रहेको छ भने, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, पोखरा पर्यटन परिषद, पोखरा उद्योग वाणिज्य संघ, लेखनाथ उद्योग वाणिज्य संघ र पतञ्जली योग समितिको सहकार्यमा उक्त कार्यक्रम हुने भएको हो ।

## प्रशासन कार्यालयमै थन्किए २७ हजार राष्ट्रिय परिचयपत्र

**पोखरापत्र संवाददाता**

म्याग्दी, १२ मंसिर

सेवाग्राही लिन नआएपछि जिल्ला प्रशासन कार्यालय म्याग्दीमा २७ हजारभन्दा बढी राष्ट्रिय परिचयपत्र थन्किएका छन् । राष्ट्रिय परिचयपत्रको फाराम भरेका व्यक्ति विदेशिएकाहरू विदेशिएका र जिल्लाभित्र नभएका कारण परिचयपत्र लिन नआएको हुनसक्ने जनाइएको छ ।

दुई चरणमा ३० हजारभन्दा बढी राष्ट्रिय परिचयपत्र आएकोमा पछिल्लो एक वर्षयता तीन हजार तीन सय जनाले मात्र लगेको जिल्ला प्रशासन कार्यालयले जनाएको छ । सहायक प्रमुख जिल्ला अधिकारी धीरेन्द्रराज पन्तले फारम भरेपछि

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## आधारभूत पूर्वाधार निर्माण भए काठमाण्डौं पछि दोश्रो रोजाईमा पोखरा पर्छः आईसीसी प्रतिनिधि

**पोखरापत्र संवाददाता**

पोखरा, १२ मंसिर



विश्व कप क्रिकेटको आधारभूत पुर्वाधार निर्माण भए काठमाण्डौं पछि दोश्रो रोजाईमा भने पोखरा पर्ने भएको आईसीसी प्रतिनिधिले बताउनु भएको छ ।

पर्यटकीय नगरी पोखरा आफैमा शुन्दर छ यहाँ क्रिकेट मैदान पनि राम्रै अबस्थामा रहेको छ तर केही भौतिक पूर्वाधार निर्माणको अभावमा भने अन्तराष्टिय देखि वर्ल्ड कप खेलाउनको लागि आधार भूत भौतिक संरचनाको भने अभाव भएको आईसीसीको प्रतिनिधिले बुधबार पोखराका आयोजित पत्रकार भेटघाट कार्यक्रममा बताउनु भएको हो ।


राज्यले वर्ल्ड कप खेल्ने आधारभूत भौतिक पूर्वाधार निर्माण गरेको खण्डमा आगमी २ बर्ष भित्र पोखरामा पनि क्रिकेटको वर्ल्ड कप हुने सम्भावना रहेको आइसिसीका रिजनल म्यानेजर रोहित पोदारले बताउनु भयो ।

पोखरामा नेपालको दोश्रो भेनुको रुपमा समभावना रहेको बताउदै उहाँले यसको लागि अब केही भौतिक संरचना निर्माण गर्न आवश्यक भएको बताउनु भयो । एसिसीका डेभलप्मेन्ट म्यानेजर इमान्यूल इस्लामले केही समय अघि नै नेपालमा उक्त खेल हुने आफुहरुले मिति घोषणा गरेको अबस्थामा नेपालको भौतिक संरचनको पक्ष अझै कमजोर रहेको जनाउनु भयो । नेपाली क्रिकेटले पछिल्लो समय अन्तर्राष्ट्रिय क्रिकेटमा प्राप्त गरेको शाख महत्वपूर्ण रहेको उल्लेख गर्दै उनले वर्ल्डकपका लागि खेल मैदान कम्तिमा पनि आइसिसीले निर्धारण गरेको मापदण्ड पुरा हुनुपर्ने बताउनु भयो ।

क्रिकेट खेललाई विकेन्द्रित गर्न पनि काठमाण्डौं पछि आफुहरुले पोखरामा क्रिकेटको दोश्रो रोजाईको रुपमा स्थापित गर्न खोजेको नेपाल क्रिकेट संघ (क्यान) का अध्यक्ष चतुर बहादुर चन्दले बताउनु भयो । पोखरामा नै वर्ल्डकप हुनुपर्छ भन्ने मान्यतामा आफू रहेको उल्लेख गर्दै उहाँले एउटा क्रिकेट खेलले यस क्षेत्रको आर्थिक कृयाकलापमा ठुलो अर्थ राख्ने उहाँले जनाउनु भयो ।

सन २०२७ मा हुने भनिएको वर्ल्ड कप महिला यू १९ प्रतियोगिताको दोस्रो भेन्यूको रुपमा हेरिएको पोखरा क्रिकेट रंगशाला अवलोकन पछि आइसिसीका प्रतिनिधिहरु सकरात्मक भएको अबस्थामा अब राज्यले ४ करोड लगानी गरेको खण्डमा उक्त प्रतियोगितका केही खेल पोखरामा हुन सक्ने प्रादेशिक क्रिकेट संघ गण्डकीका अध्यक्ष संजयकान्त सिग्देलले दाबी गर्नु भयो । उहाँका अनुसार पेभिलेन, खेलाडी चेन्जिङ रुम, अपिसियल सहितको सचिवालयको कार्यालय भवन, मिडिया सेन्टर(कक्ष) सौचालय लगायतका भौतिक संरचना निर्माण गर्न आवश्यक भएको छ । आफ्नो सम्पूर्ण ध्यान २०२७ विश्वकपका लागि रहेको जनाउँदै पूर्वाधार

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

**सुक्तिसुधा**

म जति धेरै अभ्यास गर्छु त्यति भाग्यमानी ठहरीनेछु।
- जर्ज बार्वर

## सम्पादकीय

# लोक कल्याणकारी राज्यका लागि सामाजिक सुरक्षा कोष

नेपालको संविधानमा समाजवाद उन्मुख उल्लेख छासमाजवाद उन्मुख हुन लोक कल्याणकारी नीति लिनुपर्छ। २०७४ को चुनावपछि बनेको सरकारले लोक कल्याणकारी नीति लिएको छ। लोक कल्याणकारी नीति भनेको सामाजिक सुरक्षा कार्यक्रम हो।सामाजिक सुरक्षा कोष बनाएर कार्यक्रम अघि सारिएको छ। योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम नगण्य रूपमै भएपनि संचालन भएको छ। सामाजिक सुरक्षा कोषले सुरुवात गरेको योगदानमा आधारित सुरक्षा योजना कार्यक्रम प्रारम्भ भएको छाशुरुआत जसरी भयो। त्यस अनुसार काम अघि बढ्न नसक्दा यसको प्रभावकारिता महसुस गरेका छैनन्। विसं २०८१ कात्तिक मसान्तसम्म सामाजिक सुरक्षा कोषमा आबद्ध १७ लाख ९४ हजार ७४० श्रमिकबाट सङ्कलित झन्डै ६८ अ र्ब ६४ करोड रकम लगानीको क्षेत्र पहिचान गर्न नसक्दा निष्क्रिय पुँजीका रूपमा रहेको छ। यद्यपि सरकारका आगामी नीति तथा कार्यक्रम योगदानमा आधारित सामाजिक सुरक्षा योजनामै केन्द्रित हुनुको विकल्प छैन। सामाजिक सुरक्षाका नाममा नगदमा आधारित जुन प्रणाली हामीले अहिले अवलम्बन गरिरहेका छौँ, यो प्रणालीमा सुधार हुन नसके भविष्यमा राज्यका लागि निकै बोझिलो बन्ने निश्चित छ।

सामाजिक सुरक्षाको वर्तमान संरचना र प्रणालीलाई एकीकृत र व्यवस्थित गर्दै जीवनचक्रका जोखिम न्यूनीकरण गरी नागरिकलाई सामाजिक सुरक्षाको दायरामा समेट्न सरकारले लागु गरेका नीति तथा कार्यक्रमको समायोचित सुधार र प्रभावकारी कार्यान्वयनमा जोड दिन आवश्यक छ। अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकलाई सामाजिक सुरक्षामा आबद्ध गर्न र योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रमको दायरा फराकिलो र प्रभावकारी बनाई सबै प्रकारका श्रमिकलाई समेट्न जरुरी छ। योगदानमा आधारित एवं उत्पादनशील सामाजिक सुरक्षा प्रणाली स्थापनार्थ वित्तीय दिगोपनाको सुनिश्चितसहित सार्वजनिक दायित्व कम गर्दै लैजान तीव्र राजनीतिक इच्छाशक्ति र प्रभावकारी कार्यान्वयन संयन्त्र निर्माण आवश्यक देखिएको छ। राजनीतिक अस्थिरता र नीतिमा स्वामित्व ग्रहण गर्ने संस्कारको विकास हुन नसक्दा आगामी दिनमा समेत सामाजिक सुरक्षाको क्षेत्रमा अन्योलपूर्ण स्थिति कायम हुने हो कि भन्ने नागरिक आशङ्कालाई बेलैमा सम्बोधन गर्न सरकार र सम्बद्ध निकायको अर्थपूर्ण क्रियाशीलता आवश्यक छ।

संवैधानिक तथा नीतिगत प्रतिबद्धतालाई व्यावहारिक रूपान्तरणका लागि एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा संरचनाको कार्यान्वयनमा सरकारले जोड दिनुपर्ने छ। योगदानमा आधारित सामाजिक सुरक्षामार्फत सामाजिक संरक्षणको दायरा विस्तार गर्दै वैदेशिक रोजगारी र विदेशमा स्वरोजगारमा रहेका व्यक्ति एवं अनौपचारिक क्षेत्र तथा स्वरोजगारमा रहेका श्रमिकहरूको सामाजिक सुरक्षामा आबद्धता र निरन्तरता कायम गराउन तथा औपचारिक क्षेत्रभित्र रहेको अनौपचारिक रोजगारीलाई समेत सामाजिक सुरक्षाको क्षेत्रमा आबद्ध गर्न सरकारले वस्तुपरक रणनीतिक कार्ययोजना तथा दिगो स्रोत व्यवस्थापनमा जोड दिनुपर्ने देखिन्छ। सामाजिक सुरक्षा कोषमा सङ्कलित पुँजीलाई सुरक्षित लगानीका रूपमा रूपान्तरण तथा विविधीकरण गरी उत्पादनमूलक, उच्च प्रतिफलयुक्त र उत्पादनमूलक क्षेत्रमा परिचालन गर्न सके सामाजिक सुरक्षाका लागि राज्यकोषमा पर्ने व्ययभारलाई समेत न्यूनीकरण गर्न योगदान पुग्न सक्छ।

सामाजिक सुरक्षाको अवधारणा सभ्य र समतामूलक समाज निर्माणको आधारशिला हो। आमजनतालाई राज्य भएको सजीव अनुभूति गराउने तथा सरकार र राज्य प्रणालीको सक्षमता पुष्टि गर्नेसमेत आधार हो तर लोकप्रियताका लागि मात्रै सामाजिक सुरक्षाका कार्यक्रम घोषणा गर्ने, जनमत घट्ने त्रासका कारण नगदमा आधारित सामाजिक सुरक्षा कार्यक्रमलाई योगदानमा आधारित तुल्याउन सरकारबाट आफ्नो सामर्थ्य र सामाजिक सुरक्षा कार्यक्रमबिचको तालमेल मिलाउन सकेको देखिँदैन। परिमाणतः सरकार र राजनीतिक दलबिचको राजनीतिक सक्षमता र भूमिकामाथि नै प्रश्न उठ्ने स्थिति सिर्जना भएको छ। राज्यले सामजिक सुरक्षाका सन्दर्भमा अख्तियार गरेका नीति तथा कार्यक्रमले शासनप्रणाली तथा राज्य नागरिकप्रति कति संवेदनशील र जिम्मेवार छ भन्ने देखाउँछ। सामाजिक सुरक्षाको विषय कुनै बुद्धिविलासको विषय नभई मानवीय संवेदनशीलता र राजनीतिक तथा आर्थिक भविष्यसँग जोडिएको राज्यको दायित्वयुक्त विषय हो। यसर्थ सरकार, शासकीय साझेदार, नागरिक समाज तथा सम्पूर्ण सरोकारवाला पक्ष र आमजनतासहितको सर्वपक्षीय चिन्तन र जिम्मेवारीबोधबाट मात्रै यसका सैद्धान्तिक र व्यवस्थापनका क्षेत्रमा देखिएका मूलभूत चुनौतीलाई समयमै सम्बोधन गर्न सके सुशासन र सामाजिक न्यायसहितको समृद्ध लोककल्याणकारी राज्य निर्माण हुन सक्छ।


# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शुभ यात्रा | तुला | : शारीरिक झमेला |
| वृष | : स्वास्थ्यमा सुधार | वृश्चिक | : मानसिक तनाब |
| मिथुन | : सहयोग मिल्नेछ | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : शत्रुको भय |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : झमेला बढ्ने |
| कन्या | : आर्थिक समस्या | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# मार्फामा बढ्दै पर्यटक

**रासस**
म्याग्दी, १२ मंसिर

घरपझोङ गाउँपालिका-२ मा रहेको मार्फा गाउँ मुस्ताङ घुम्न जाने पर्यटकहरुको रोजाइमा परेको छ। एकैनासको घरको मार्फाको बाक्लो बस्तीबीचको पदमार्गमा पर्यटकहरु बिहानदेखि साँझसम्म तस्बिर र भिडियो खिचेर रमाइरहेको भेटिन्छन्। स्याउको राजधानीका रुपमा परिचित मार्फा पछिल्लो समय पर्यटकको रोजाइमा परेको स्थानीय चन्द्रमान लालचनले बताउनुभयो।

"दुई/तीन वर्षअघिसम्म छिटपुट पर्यटक घुम्न आउने मार्फामा चलचित्र जेरी र कबड्डी छायाङ्कन पर्यटकको पनि चहलपहल बढेको हो", उहाँले भन्नुभयो, "बेनी-जोमसोम सडक बनेपछि यहाँ मुस्ताङ आउने पर्यटकको रोजाइमा मार्फा पर्न थालेको छ।" चलचित्रले चिनाएको गल्ली मार्फाको बिचमा रहेको 'जेरी' गल्लीमा सबैभन्दा धेरै पर्यटकहरु झुम्मिएका भेटिन्छन्। जेरी चलचित्र छायाङ्कन भएपछि गल्लीको नाम भक्तिगल्लीबाट जेरी भएको छ। स्थानीयवासीले रङ्गको स्याउको आकृतिको साइनबोर्डमा नाम लेखेर टाँसेका छन्। चोकको नजिकै भक्तिप्रसाद हिराचनको घर भएकाले भक्तिगल्ली भनिएको थियो।

भक्तिप्रसाद आफैँले चोकलाई जेरी नामकरण गरिदिनुभएको हो। "साइनबोर्ड राखेपछि यहाँ आउने पर्यटकले फोटो, भिडियो खिच्न, टिकटक बनाउन थालेसँगै प्रचारप्रसार भएको हो", भक्तीप्रसादले भन्नुभयो, "यस्तो धेरै प्रचार होला र पर्यटक आउलान् भनेर सोचेको थिइन्। अहिले खुसी लागेको छ।" पर्यटकहरुले हिमाली भेगको पोसाक बख्खु लगाएर मार्फाको पदमार्ग र गल्लीमा तस्विर, भिडियो खिच्ने र सामाजिक सञ्जालमा राख्ने गर्छन्। स्थानीय ब्यापारीहरुले बख्खु भाडामा लगाउँछन्। एक पटक बख्खु लगाएको रु दुई सयदेखि तीन सय भाडा तिर्नुपर्छ। यसैगरी याकको डमी पनि राखिएको छ। याकको डमीमा चढेर तस्विर खिचाएको रु एक सय ५० र सँगै तस्बिर खिचाउँदा रु ५० शुल्क तिर्नुपर्छ।

# बेनीमा विद्यालयस्तरीय छात्रा फुटबल प्रतियोगिता सुरू

**रासस**
म्याग्दी, १२ मंसिर

म्याग्दी सदरमुकाम बेनीमा छात्रा फुटबल प्रतियोगिता सुरू भएको छ। छात्राहरूको खेल प्रतिभालाई प्रस्फुटन गर्ने उदेश्यले लायन्स क्लबअफ बेनी लभ्लीहिलको आयोजनामा अन्तर माध्यमिक विद्यालयस्तरीय छात्रा फुटबल प्रतियोगिता सञ्चालन गरिएको हो। मङ्सिर १५ गतेसम्म सञ्चालन हुने प्रतियोगितामा विभिन्न १० विद्यालयले सहभागिता जनाएको क्लब अध्यक्ष सोहन श्रेष्ठले जानकारी दिनुभयो।

छात्रा फुटबल खेलाडी उत्पादन गर्ने उदेश्यका साथ क्लबले आयोजना गरेको प्रथम लायन्स कपअन्तर माध्यमिक विद्यालय (कक्षा १० सम्म) छात्रा फुटबल प्रतियोगितालाई रनिङ शिल्डको रूपमा हरेक वर्ष आयोजना गरिने उहाँको भनाइ छ। प्रतियोगिताको उद्घाटन गर्दै प्रतिनिधिसभा सदस्य खमबहादुर गर्बुजाले विद्यार्थीमा अध्ययन सँगसँगै खेल प्रतिभाकोसमेत विकास हुनुपर्ने बताउँदै महिला फुटबल खेलाडी उत्पादन गर्न प्रतियोगिताले सहयोग पुग्ने बताउनुभयो।

# रेन्बो ट्राउट माछा बेचेर वार्षिक तीन करोड आम्दानी

**पोखरापत्र संवाददाता**
पर्वत, १२ मंसिर



स्वदेशमा उद्यम-व्यवसायका अथाह सम्भावना हुँदाहुँदै दैनिक सयौँ युवायुवती विदेशिने क्रम बढेका बेला यहाँका एकजना पूर्वराष्ट्रसेवक एवं जनप्रतिनिधिले रेन्बो ट्राउट माछा बेचेर वार्षिक रु तीन करोड आम्दानी गरेका छन्।

मोदी गाउँपालिका-२ देउपुरका विकास तिमिल्सिनाले गाउँमै रेन्बो ट्राउट माछापालनबाट यति धेरै आम्दानी गर्न सफल हुनुभएको हो।

एक्काइस वर्ष लामो प्रहरी सेवा र २०७४ सालको स्थानीय तहको निर्वाचनमा मोदी-२ देउपुरको वडाध्यक्ष बनेर कार्यकाल सक्नुभएका तिमिल्सिनाले अन्य चार जना स्थानीयवासीको लगानीमा रेन्बो ट्राउन फार्म सञ्चालन गर्नुभएको हो। मोदी-५ बाजुङको टिमुरेस्थित पातीखोलाको मुहानमा झण्डै ३० रोपनी क्षेत्रमा सञ्चालित फार्मबाट वार्षिक रु तीन करोडसम्म आम्दानी हुने गरेको उहाँले बताउनुभयो। फार्ममा उत्पादन क्षमता रहेको ३० टन माछा बिक्रीबाट रु तीन करोड आम्दानी भएको उहाँ बताउनुहुन्छ। लामो समय ट्राफिक प्रहरीमा रहेर प्रहरी सहायक निरीक्षकबाट अवकाश लिनुभएका तिमिल्सिना जागिर छाडेको तीन महिनामै जनप्रतिनिधि बन्नुभयो। जनप्रतिनिधि निर्वाचित भएसँगै व्यवसायमा जोडिनुभएका तिमिल्सिनाको समय हाल माछापालनमा बित्ने गरेको छ।

चारैतिर वन र दुईतिर खोलाको बीचमा रहेको मोदी रेम्बो ट्राउट प्रालि चिसो पानीमा हुर्कने रेन्बो ट्राउट माछापालनका लागि उपयुक्त हावापानी भएको ठाउँ हो। पोखरा-बागलुङ राजमार्गअन्तर्गत पातिचौर बजारबाट पाँच किलोमिटरको दूरीमा पुग्न सकिने उहाँको फार्म जोकोहीका लागि मन लोभ्याउने केन्द्र बन्न पुगेको छ। उहाँका फार्म यतिबेला विभिन्न क्लब, सङ्घसंस्था, विद्यालय तथा कलेजका विद्यार्थी एवं किसानका लागि अवलोकनस्थल पनि बनेको छ। पछिल्लो समय बाह्य पर्यटक तथा मत्स्यप्रेमी अवलोकन, माछा मार्न, विभिन्न परिकार बनाएर खानका लागि फार्ममै आउने गरेका छन्। उत्पादित ट्राउट माछा पोखरा-काठमाडौँका माछा पारखीसम्म पुर्‍याउन भ्याइनभ्याई छ। वार्षिक तीस टन माछा उत्पादन हुने फार्ममा हाल पाँच जनाले रोजगारी पाएका छन्।

विसं २०७१ देखि सुरु भएको उक्त फार्म केही वर्षअघि आएको बाढीले पूर्ण रुपमा क्षति भएपछि नजिकै थप जग्गा व्यवस्थापन गरी विकास तिमिल्सिना, यामप्रसाद शर्मा, प्रेम पौडेल, राजेश शाही र राजु खड्काले सामूहिक लगानीमा पुनः सञ्चालन गर्नुभएको थियो। फार्मबाट भएको आम्दानीमध्ये सबै खर्च कटाएर रु करोड १५ लाख बचत हुने गरेको छ। अस्थायी र स्थायी गरी ३७ वटा पोखरी रहेका सो फार्ममा सुरुमा तत्कालीन कृषि विकास कार्यालय पर्वतले प्राविधिक सहयोग उपलब्ध गराएको थियो। पछिल्लो समयमा कृषि ज्ञान केन्द्रले केही प्राविधिक सहयोग उपलब्ध गराउँदै आएको छभने मत्स्य विकास केन्द्रले पनि फार्मको स्तरोन्नति तथा पोखरी निर्माणका लागि आर्थिक सहयोग गरेको छ।

रेम्बो ट्राउट प्रतिकेजी रु एक हजारमा बिक्री हुन्छ। स्थानीय लोकल मोदीखोलाको माछाको स्वादमा पाइने उहाँको फार्मको माछा धेरैको रोजाइमा छ। कुश्मा-बागलुङको बजारका अतिरिक्त पोखरा, काठमाडौँकामा माछाको माग रहेको तिमिल्सिनाले बताउनुभयो। गत वर्षदेखि उहाँले भुरा आफैँ उत्पादन गर्न थाल्नुभएको छ।


# धितोमा रहेको सम्पत्ति लिलाम बिक्री गर्ने सम्बन्धी ३५ दिने अत्यन्त जरुरी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८१/०८/१३)**

यस कर्मशिल बचत तथा ऋण सहकारी संस्थामा तपसिलमा उल्लेखित ऋणीले यस संस्थाबाट उपभोग गर्नु भएको कर्जा रकम संस्थासँग गर्नुभएको कर्जा सम्झौता बमोजिम बुझाउनको लागी संस्थाबाट पटक पटक मौखिक/लिखित तर-ताकेता गर्दा तथा विभिन्न मितिमा कर्जा चुक्ता गर्न सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सम्बन्धित ऋणीले ऋण तिर्नेतर्फ पूर्ण वेवास्ता गरी चुक्ता गर्नेतर्फ कुनै पहल नगरेको हुँदा यो लिलाम विक्रिको सूचना प्रकाशित गरिएको छ। लिलाम हुने दिन सम्म उक्त कर्जाको सम्पूर्ण साँवा, व्याज तथा हर्जना लगायतका अन्य दैदस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउन सकिने व्यहोरा सम्वन्धित ऋणी सदस्यलाई यसै सूचना मार्फत जानाकारी गराईन्छ। उक्त म्यादभित्र समेत सो कर्जा भुक्तान नभएमा ऋणी लगायत सम्बद्ध सबैलाई प्रचलित ऐन कानुन बमोजिम हुने व्यहोरा जानाकारी गराउँदै कर्जा सुरक्षणको रुपमा संस्थालाई धितोबन्धक लेखिदिएको तपशिलमा उल्लेख भए बमाृजिमका सम्पत्तिहरु जे जस्तो अवस्थामा छ सोही अवस्थामा प्रचलित ऐन, कानुनले दिएको अधिकार प्रयोग गरी तल उल्लेखित मिति, समय र स्थानमा निर्धारित समयावधि भित्र पेश हुन आएका बोल कबोल मूल्यहरु डाँक बढावढको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले सो सम्पत्ती खरिद गरिलिन ईच्छुक महानुभावहरुको लागी यो सूचना प्रकाशित गरिएको छ। उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, ईच्छुक खरिदकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ। कुनै काणवश तपशिलमा उल्लेखित सम्पत्ती लिलाम बिक्री नभएमा सो सम्पत्ती अन्य व्यवस्था गरी बेचविखन गर्न सक्ने वा प्रचलित कानुन बमोजिम संस्थाले सकार गरी लिनसक्ने र उक्त सम्पत्तीबाट संस्थाको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानुन बमोजिम असुल उपर गर्न आवश्यक कारवाही अघि बढाईने व्यहोरा समेत जानकारी गराईन्छ।

तपसिल

| क्र.सं. | कर्जा शिर्षक | ऋणीको व्याक्तिगत विवरण | जमानी बस्नेको विवरण | धितो सुरक्षणमा रहेको सम्पत्तीको विवरण |
|---|---|---|---|---|
| १. | व्यक्तिगत कर्जा | नाम : सिल कुमारी गुरुङ<br>बुबा/पतिको नाम : जित बहादुर गुरुङ<br>बाजे/ससुराको नाम : पत्लीमान गुरुङ<br>स्थायी ठेगाना : करापु-०३, लमजुङ<br>हालको ठेगाना : पोखरा-२७, कास्की<br>नागरिकता प्र.प. नं.: २१७६<br>जारी मिति र जिल्ला :२०४५/०१/१७ लमजुङ | नाम : मोहन गुरुङ<br>बुबा/पतिको नाम : पेच बहादुर गुरुङ<br>बाजे/ससुराको नामः मोतिलाल गुरुङ<br>ठेगाना : पोखरा-२७, कास्की | साविक कास्की जिल्ला अर्घौं-०८, हाल पोखरा २७, कास्की कित्ता नं.३५४५ क्षेत्रफल ०-४-१-१ (१३७।१० व.मि.) को जग्गा। |
| २. | घर जग्गा कर्जा | नाम : शिवजी सुनार<br>बुबा/पतिको नाम : मन बहादुर सुनार<br>बाजे/ससुराको नाम : भुवन सिं<br>स्थायी ठेगाना : अर्मला-०१, कास्की<br>हालको ठेगाना : पोखरा-१६, कास्की<br>नागरिकता प्र.प. नं.: ४६१०१४/१२२६<br>जारी मिति र जिल्ला : २०६९/०१/२७ कास्की | नाम : मन बहादुर सुनार<br>बुबा/पतिको नाम : भुवन सिं सुनार<br>बाजे/ससुराको नाम : जर सिं सुनार<br>ठेगाना : पोखरा-१६, कास्की<br>नाम : भोज बहादुर सुनार<br>बुबा/पतिको नाम : भुवन सिं सुनार<br>बाजे/ससुराको नाम : जर सिं सुनार<br>ठेगाना : पोखरा-१६, कास्की | साविक कास्की जिल्ला गर्लाङ छहरेपानी-०२, हाल पोखरा १६, कास्की कित्ता नं. १४०१ क्षेत्रफल ७-३-०-० (३६५६.५५ व. मि.) र कित्ता नं. १४०२ क्षेत्रफल २-०-०-० (१०१७.४८ व.मि.) को जग्गा। |

**लिलाम डाँक बढाबढ हुने मिति, समय र स्थान :**

मिति : २०८१ पौष १८ गते, बिहीवार
समय : दिनको ३:०० बजे।
स्थान : संस्थाको कार्यालाय, पोखरा-०८, सभागृहचोक।

**धितो लेखिदिने तथा व्याक्तिगत जमानी दिनेलाई सूचना :**

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै प्रकाशित सूचनाको म्यादभित्र शिघ्र कर्जा भुक्तान गरी, गराई आफ्नो सम्पत्तीको उचित संरक्षण गर्नुहुन समेत यसै सूचना मार्फत जानाकारी गराईन्छ। उल्लेखित दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाको दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीलाई उपस्थित हुन सूचित गरिएको छ। धितो लेखिदिएको सम्पत्ती लिलाम बिक्री गरी वा संस्था आफैले सकार गर्दा समेत साविकमा संस्थाबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा संस्था आँफैले सकार गर्दा समेत साविकमा संस्थाबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा पछि मेरो, हाम्रो सम्पत्तीको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा संस्था आँफैले सकार गरिलियो भनी कहिँ कतै उजुर बाजुर गर्न पाउनु हुनेछैन। साथै धितो लिलाम बिक्री सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख भए बमोजिम हुनेछन्।

**विस्तृत जानकारीको लागि**
**कर्मशिल बचत तथा ऋण सहकारी संस्था लि.**
**पोखरा ८, सभागृहचोक**
**फोन नं.: ०६१-५८०७९६, ५४४७९५**

# स्याङ्जाका स्कूले पढ्दै, कुखुरापालनमा रमाउँदै

**पोखरापत्र संवाददाता**
वालिङ, १२ मंसिर

'पढ्दै कमाउँदै' कार्यक्रमअन्तर्गत बिरुवा गाउँपालिका-७ कुसुमभञ्ज्याङस्थित जीवनज्योति माध्यमिक विद्यालयमा अध्ययनरत विद्यार्थीले कुखुरापालन गरेका छन् । त्यसबाट उनीहरूले सामान्य खर्चको जोहो गर्दै आएका छन् ।

प्रधानाध्यापक सामबहादुर गुरुङका अनुसार पढ्दै कमाउँदै कार्यक्रमअन्तर्गत विद्यालयमा अध्ययनरत कक्षा ६ देखि १२ सम्मका बालबालिकाले विद्यालय परिसरमा नै कुखुरापालन गरेका हुन् । विद्यालय परिसरमा गिरीराज र कोइलरका दुई सय वटा कुखुरापालन गरिएको छ। पढाइको अलावा विद्यार्थीलाई व्यावहारिक ज्ञान, सीप दिनुका साथै विद्यालय तहबाट नै आम्दानीसँग जोड्न यो कार्यक्रमले महत्त्वपूर्ण टेवा पुगेको छ । "विद्यालय परिसरमा विद्यार्थीको प्रत्यक्ष रेखदेखमा कुखुरापालन गरिएको छ", उहाँले भन्नुभयो, "विद्यालय सञ्चालन भएका दिनमा विद्यार्थीले रेखदेख गर्ने भए पनि बिदाका दिनमा भने छुट्टै कर्मचारीको व्यवस्था मिलाएका छौं ।"विद्यालयमा पालिएको कुखुराले दिने अण्डाबाट विद्यालयमै रहेको ह्याचिङ मेसिनबाट चल्ला उत्पादन गर्ने र बिक्री गरी आम्दानीका रूपमा दाखिला हुने गरेको छ । विद्यालयमा पढाइसँगसँगै सिकेको व्यावहारिक सीपलाई घर गएर पनि विद्यार्थीले उपयोग गर्न सक्ने बनाउन विद्यालयले चल्ला उत्पादन गरी उपलब्ध गराउँदै आएको छ । विद्यार्थीले घरमा चल्ला लगेमा नयाँ चल्ला उत्पादन भएपछि साँवास्वरुप फिर्ता गर्ने र बाँकी रहेका चल्ला वा तिनले दिएका अण्डा आफैँले बिक्री गर्न पाउने व्यवस्था विद्यालयले मिलाएको छ । "विद्यार्थीले विद्यालय वा घरमा पालेका कुखुरा, चल्ला तथा अण्डा बिक्री गर्न विद्यालयले सहजकर्ताको भूमिका निर्वाह गर्दै आएको छ", उहाँले भन्नुभयो, "विद्यार्थीले आफैं बिक्री गर्न पनि सक्ने र बिक्री नभएको खण्डमा विद्यालयले बजारीकरण गर्ने उल्लेख भए तापनि हालसम्म विद्यार्थी स्वयंबाट सहज तरिकाले बिक्री भइराखेको छ ।" चालु शैक्षिकसत्रसँगै थालिएको यो अभियान निकै प्रभावकारी ढङ्गले अगाडि बढेको दाबी प्रधानाध्यापक गुरुङको छ । यस अभियानलाई प्रभावकारी ढङ्गले अगाडि बढाउँदै विद्यार्थीलाई सीपसँगै आर्थिक उपार्जनसँग जोड्न समन्वयकारी भूमिका निर्वाह गर्न स्रोत शिक्षकको व्यवस्था मिलाएको उहाँले बताउनुभयो । विद्यार्थीले घरमा पालेका कुखुराको आम्दानी आफैँले किताब, कपी, कलमलगायत शैक्षिक सामग्री खरिदमा उपयोग गर्न सक्ने भएकाले परिवारमा आर्थिक बोझ कम हुने दाबी उहाँको छ । विद्यालयमा पालिएका कुखुरा, चल्ला तथा अण्डा बिक्रीबाट आएको रकम एकमुष्ट सङ्कलन गरी विद्यार्थीलाई दामासाहीले वितरण गरिन्छ ।



विद्यालयले मौरीपालन, च्याउखेती, सिलाइबुनाइ, वेल्डिङजस्ता व्यावहारिक सीप विद्यार्थीलाई सिकाउँदै आएको छ । साथै धान, मकै, कोदोलगायत खेती गरेर उत्पादित अन्न विद्यालय समयमा खाजाका रूपमा पनि प्रयोग गर्दै आएको छ ।

# गोरखामा गर्भवतीलाई निःशुल्क भिडियो एक्सरे सेवा

**पोखरापत्र संवाददाता**
गोरखा, १२ मंसिर

सहिद लखन गाउँपालिकामा टोलटोलमा पुगेर पालिकाभित्रका गर्भवतीलाई निःशुल्क भिडियो एक्सरे सेवा प्रदान गरिएको छ ।

गाउँपालिका स्वास्थ्य शाखामार्फत पालिकाभित्रका विभिन्न वडामा पुगेर ४९ जना गर्भवतीको निःशुल्क भिडियो एक्सरे गरिएको गाउँपालिका स्वास्थ्य शाखाका प्रमुख वीरेन्द्र श्रेष्ठले जानकारी दिनुभयो । "आमा र गर्भस्थ शिशुको स्वास्थ्य अवस्थाबारे जानकारी लिन गाउँपालिकाले सबै वडाका टोलटोलमा तालिमप्राप्त स्वास्थ्यकर्मी परिचालन गरेर सेवा उपलब्ध गराउँदै आएको छ", उहाँले भन्नुभयो ।

शाखा प्रमुख श्रेष्ठले गाउँपालिकाको ग्रामीण अल्ट्रसाउण्ड कार्यक्रमअन्तर्गत गर्भवतीका लागि हरेक महिना नियमित रूपमा भिडियो एक्सरे सेवा उपलब्ध गराउँदै आएको बताउनुभयो । गाउँपालिकाले गर्भवतीलाई भिडियो जाँचका लागि हिँडेर आवतजावत गर्न नपरोस् भनेर टोलटोलमै पुगेर सेवा उपलब्ध गराउँदै आएको हो ।

गाउँपालिकामा ग्रामीण अल्ट्रासाउण्ड कार्यक्रमका लागि पालिका स्वास्थ्य शाखामा कार्यरत सिनियर अनमी मनिला श्रेष्ठ, बुङ्कोट स्वास्थ्य चौकीमा कार्यरत सिनियर अनमी ज्ञानु सेन्चुरी र बक्राङ स्वास्थ्य चौकीमा कार्यरत सिनियर अनमी समीक्षा दराईसहित तीन जनामात्र तालिमप्राप्त स्वास्थकर्मी छन् ।

# पर्यटकीय गन्तव्य बन्दै लमजुङको करपुरेश्वर उद्यान

**पोखरापत्र संवाददाता**
लमजुङ, १२ मंसिर

लमजुङ बैंसीसहर नगरपालिका-८ स्थित करपुरेश्वर पार्क पर्यटकको नयाँ गन्तव्य बन्दै गएको छ । यहाँ बैंसीसहर नगरपालिकाले उद्यान निर्माण गरेर व्यवस्थित बनाएसँगै यतिबेला पर्यटकको नयाँ गन्तव्य बन्न थालेको हो । यहाँ दैनिक दुई सयदेखि तीन सयजना बढी आन्तरिक पर्यटक आउने गरेका छन् ।

शुक्रबार, शनिबार र बिदाको समयमा छ, सात सय जना भन्दाबढी पर्यटक आउने गरेको स्थानीयवासीले बताएका छन् । बजार नजिकै घुम्न तथा समय बिताउनका लागि पर्यटकीयस्थलका रूपमा नगरपालिकाले सो उद्यान निर्माण गरेपछि पर्यटक आकर्षित हुन थालेका हुन् । बैंसीसहर नगरपालिका प्रमुख गुमानसिंह अर्यालले नगरभित्र एउटा पनि उद्यान नहुँदा घुम्ने, हेर्ने, तथा मनोरञ्जन गर्ने कुनै ठाउँ नभएकाले उद्यान निर्माण गरी व्यवस्थित बनाएसँगै पर्यटकको चाप बढिरहेको बताउनुभयो ।

आठ रोपनी क्षेत्रफलमा चार बस्ने ठाउँ, एउटा पानीको फोहरा संरचना, पिक्नीकको लागि सेड, बालबालिका खेल्न उद्यान, शौचायलय, पार्कभित्र हिँड्ने सिँढी लगायतको संरचना निर्माण भएको नगरप्रमुख अर्यालको भनाइ छ । उहाँका अनुसार यस उद्यान टिकट व्यवस्था लागू गरी पर्यटक तथा स्थानीयबाट शुल्क उठाउने तयारी भएको छ । विसं २०७५ चैत १२ गतेबाट निर्माणकार्य थालनी भएको उक्त पार्कमा हालसम्म रु ५०/६० लाख बढी लगानी भइसकेको नगरपालिकाले जनाएको छ ।

यस उद्यानमा आएका पर्यटक सन्तोष थापाले भन्नुभयो, "बजार नजिकै उद्यान बनेपछि घुम्न रमाइलो हुने गरेको छ । आफू परिवारसँग बेला बेलामा आउने पार्कमा घुम्दा मनोरञ्जन प्राप्त हुने गरेको उहाँको भनाइ छ ।" त्यस्तै, अर्का पर्यटक सोविता परियारले पार्क घुम्दै मनोरञ्जन हुने गरेको र समय बिताउन पनि सहज हुने भएकाले यहाँ साथीहरूसँग आएको बताउनुभयो ।

त्यस्तै, स्थानीय सिर्जना श्रेष्ठले भन्नुभयो, "यहाँ आउने पर्यटक उद्यानमा भिडियो बनाउने, फोटो खिच्ने, सेल्फि खिच्ने, टिकटक बनाउँदै रमाउने गर्दछन् ।" साथै यहाँ विभिन्न ठाउँबाट पिकनिक खानालाई आउने गरेको उहाँको भनाइ छ। साथै नाच गानसमेत हुने हुँदा पर्यटकलाई थप मनोरञ्जन प्राप्त गर्ने गरेको छ। यस उद्यानबाट एतिहासिक तथा धार्मिक करपुरेश्वर महादेव मन्दिर, मर्स्याङ्दी नदी, विभिन्न गाउँ, बैंसीशहर बजारको केही भाग, लमजुङ दरबार, लमजुङ हिमाललगायत विभिन्न हिमालसमेत देख्न सकिन्छ । सो स्थानमा जनयुद्धका बेला नेपाली सेनाले लामो समयसम्म बसोबास गरेको थियो। मुलुकमा शान्ति स्थापनाको केही वर्षपछि स्थानीयको आग्रहमा यहाँबाट नेपाली सेना अन्यन्त्र गएको थियो । सेना गएको केहीवर्षसम्म बम रहेको आशङ्कामा उक्त उद्यानमा स्थानीय जान सकेनन् । केही बमसमेत फेला पऱ्यो । जोखिम नरहेको ठहरपछि विसं २०७५ देखि नगरपालिकाले उद्यान निर्माण थालनी गरेको थियो। करपुरेश्वर पार्कबाट परिचित तथा यस उद्यानको नाम परिमार्जित हुनुअघि सो स्थान मलामी चौउरको नामले परिचित रहदै आएको थियो । यहाँ मान्छे मरेर मर्स्याङ्दीमा जलाएर फर्किएपछि सो स्थानमा बस्ने गरेकाले मलामीचौउरको नामले परिचित रहेको स्थानीयको भनाइ छ ।

# किसानलाई जैविक मल बनाउने तालिम

**श्रीकृष्ण सिग्देल**
स्याङ्जा, १२ मंसिर

स्याङ्जाको पुतलीबजार नगरपालिकाले किसानलाई जैविक मल बनाउने तालिम प्रदान गरेको छ । पुतलीबजार नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को स्वीकृत कार्यक्रम अन्तर्गत किसानलाई मौसमी/बेमौसमी तरकारी खेती तथा जैविक विषादी सम्बन्धी तीन दिने तालिम प्रदान गरेको हो । पुतलीबजारमा अर्गानीक तरकारी उत्पादन गर्ने उदेश्य राखेर नगरपालिकाले जैविक मल सहिहत मौसमी तथा बेमौसमी तालिम दिएको जनाएको छ ।

नगरपालिकाका १४ ओटै वडाहरुबाट प्रतिनिधित्व गर्नेगरी ३२ जना किसानलाई उक्त तालिम प्रदान गरिएको कृषि शाखाका प्राविधिक सहायक सुवास ढकालले बताए । किसानहरुलाई सैद्धान्तिक तथा प्रयोगात्मक हुनेगरी तालिक प्रदान गरिएको ढकालले बताए। तरकारी उत्पादन बढाउने नाममा रासायनिक



मलको प्रयोग बढ्न थालेपछि नगरपालिकाले जैविक बिषादी बनाउने तालिम प्रदान गरिएको नगरपालिकाले जनाएको छ । घरगोठमा उत्पादन हुने फोहोरलाई जैविक विषादी मल बनाउन प्रयोगतात्मक रुपले किसानलाई तालिम दिइएको थियो ।

नगरपालिकालाई अर्गानीक उत्पादन खेतीका रुपमा चिनाउन खोजेको पुतलीबजार नगर प्रमुख तुलसीराम रेग्मीले बताए। तरकारी उत्पादनमा बिषादीको प्रयोग बढ्दो छ नगर प्रमुख रेग्मीले भने,' बिषादी तरकारीका कारण मानव शरिरमा विभिन्न खालका रोगहरु देखा परेका छन् ।' क्यान्सर, मुटु रोग सम्वन्धी समस्या लगायतका रोगहरु बिषादी तरकारीकै कारण भएको थाहा पाएपछि अव नगरको उत्पादन अर्गानिक हुनुपर्छ भन्ने हाम्रो जोड हो उनले भने । धैरै उत्पादन हुन्छ भन्ने मान्यताले तरकारीमा धैरै बिषादीको प्रयोग हुँदा मानव स्वास्थ्यमा नराम्रो असर परेकोले अब सबैले जैविक बिषादी मलको प्रयोग बढाउन नगर प्रमुख रेग्मीले आग्रह गरे । तीनदिन सम्म चलेको तालिमको कृषि ज्ञान केन्द्र बागवानी विकास अधिकृत विकास बि.क., नगरपालिकाका कृषि शाखाका प्राविधिक सुबास ढकाल, नविन केसी र कमला जैसीले सहजिकरण गरेका थिए। तालिमले हामीलाई मौसमी र बेमौसमी तरकारी उत्पादन सगै जैविक मल कसरी बनाउने भन्ने बिषयमा जानकारी मिलेको तालिममा सहभागी किसानहरुले बताएका थिए । अब आ–आफ्ना वडामा प्रशिक्षकको भुमिका निर्वाह गरी सबै वडाहरुमा अर्गानिक तरकारी उत्पादनमा जोड दिने प्रतिवद्धता उनीहरुको थियो । नगरपालिकाका उपप्रमुख देवी अर्याल, आर्थिक विकास समिति संयोजक तथा नगर प्रवक्ता मनोज पौडेल, प्रमुख प्रशासकीयक अधिकृत धर्मराज ढुङ्गाना लगायतले यो कार्यक्रमलाई प्रभावकारी बनाउन नगरवासीको सहयोगको अपेक्षा गरेका थिए । स्वास्थ नागरिक बनाउन र बन्न सबैले बिषादीयुक्त बस्तु विस्थापित गर्नुपर्ने धारणा उनीहरुको थियो । तालिमले किसानहरुलाई आधुनिक तरकारी खेती र जैविक विषादीको प्रयोगसम्वन्धी महत्वपुर्ण ज्ञान, सिप प्रदान गरेको विश्वास नगरपालिकाले लिएको जनाएको छ ।


## धितोमा रहेको जग्गा डाँक बढाबढद्वारा लिलाम बिक्री गरिने बारेको ३५ दिने सार्वजनिक सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८१/०८/१३)**

यस श्रीपति बचत तथा ऋण सहकारी संस्था लि.बाट तपसिलमा उल्लेखित ऋणीहरुले यसै संस्थाबाट व्यक्तिगत कर्जा लिनु भएका सदस्यले कर्जाको साँवा तथा व्याज समेत नतिरी नबुझाई लिखित बमोजिम कर्जा सम्बन्धी शर्त उल्लङ्घन गर्नु भएकोले पटक पटक मौखिक तथा लिखित ताकेता गर्दा समेत तिर्नु पर्ने कर्जाको रकम चुक्ता गर्ने तर्फ कुनै चासो पहल नगर्नु भएकोले तपशिल बमोजिमको ऋणीलाई कर्जा चुक्ता गर्न आउनको लागि पोखरापत्र राष्ट्रिय दैनिक पत्रिकामा २०८१/०४/३१ गते कर्जा चुक्ता गर्ने ३५ (पैतीस) दिने सूचना प्रकाशित गर्दा समेत ऋणीले कर्जा भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकाले यो धितोमा रहेको जग्गा लिलामको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । उल्लेखित ३५ दिनभित्र कर्जा चुक्ता नगरेमा संस्थालाई लेखिदिएको धितो चल अचल सम्पत्ति सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, प्रचलित सहकारी मापदण्ड तथा संस्थाको विनियम समेतले लिएको अधिकार प्रयोग गरी सूचना प्रकाशित भएको मितिले ३६ औं दिन धितो जग्गा लिलाम डाँक बढाबढ गरिने हुँदा इच्छुक व्यक्ति/संस्था तथा सबैमा जानकारीका लागि यो जरुरी सूचना प्रकाशन गरिएको छ । तपसिलमा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा संस्था आफैले सकार गर्दा समेत संस्थाबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा संस्था आफैले सकार गरी लिएमा धितो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा संस्था आफैले सकार गर्दा समेत संस्थाको सम्पूर्ण लेना रकम असुर उपर नभई बाँकी रहेमा ऋणी लगायत कर्जाको व्यक्तिगत जमानी दिनेहरुको अन्य श्रीसम्पत्तिबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइएको छ ।

| क्र.सं. | ऋणीको नाम, थर र ठेगाना | फोटो | धितोको विवरण |
|---|---|---|---|
| १. | ऋणीको नाम : रामु बुढा<br>ठेगाना : पोखरा-२५<br>बाबुको नाम : निम प्रसाद बुढा<br>बाजेको नाम : थमलाल बुढा |  | जग्गाः साबिक ग्यारजाती -७, कास्की<br>हालः पोखरा -१८<br>कित्ता नं. : ८७९, ८८०<br>क्षेत्रफल : १५३, १५४.९९ व.मि. |
| २. | ऋणीको नाम : मुक्ति ब. पाइजा<br>ठेगाना : बेनी न.पा-१<br>बाबुको नाम : चन्द्र बहादुर पाइजा<br>बाजेको नाम : रामभक्त पाइजा |  | जग्गाः साबिकढिकुरपोखरी-५,कास्की<br>कित्ता नं. : ७३३<br>क्षेत्रफल : ३०१०.६३ व.मि. |
| | ऋणीको नाम : अनिता पाइजा<br>ठेगाना : पाल्लेखेत-४, म्याग्दी<br>पतिको नाम : मुक्ति बहादुर पाइजा<br>ससुराको नाम : चन्द्र बहादुर पाइजा |  | |
| | ऋणीको नाम : सुनिता श्रेष्ठ<br>ठेगाना : नाग्लीवाङ-३, पर्वत<br>पतिको नाम : दल बहादुर श्रेष्ठ<br>बाबुको नाम : जीवन कुमार श्रेष्ठ |  | |

**धितो लिलाम सम्बन्धी शर्तहरु :**

१. संस्थाको तर्फबाट धितो लिलाम बिक्रीको सूचना प्रकाशन भएको मितिले ३५ दिन भित्र ऋणी वा जमानीबाट सम्पूर्ण कर्जा चुक्ता हुन नसकेमा ३६ औं दिनको १:०० बजेदेखि यस संस्थाको कार्यालय पोखरा-९, कास्कीमा लिलाम डाँक बढाबढ सम्बन्धी कार्यक्रम हुनेछ । उक्त दिन बिदा परेमा बिदाको लगत्तै कार्यालय खुलेको दिन लिलाम बढाबढ हुनेछ ।
२. धितो लिलाम डाँक बढाबढमा कम्तीमा ३ (तीन) जना व्यक्ति/संस्थाहरुले भाग लिएको हुनुपर्नेछ ।
३. धितो डाँक बढाबढमा सबैभन्दा बढी बोलकबोल गर्ने व्यक्ति/संस्थाले बोलेको अंकको कम्तीमा १० (दश) प्रतिशतले हुने नगद रकम धरौटी बापत त्यसै दिन संस्थामा जम्मा गर्नुपर्नेछ ।
४. लिलाम सकार गर्न व्यक्ति/संस्थाले लिलाम सदर भएको ७ (सात) दिनभित्र बाँकी रकम बुझाउनुपर्नेछ । बुझाउनुपर्ने बाँकी रकम तोकिएको मितिमा बुझाउन नसकेमा जम्मा भएको धरौटी रकम स्वतः जफत हुनेछ । लिलाम सदर/बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता माग गर्न र सोमा ब्याज दाबी गर्न पाइने छैन ।
५. डाँक बढाबढको सुरुवात अंक चल अचल सम्पत्तिको न्यूनतम तथा पंचकृत मूल्याङ्कनबाट सुरुवात गरिनेछ ।
६. धितो लिलाम डाँक बढाबढ सदर वा बदर गर्नु अगावै सम्बन्धित ऋणीले संस्थालाई भुक्तानी गर्नुपर्ने सम्पूर्ण रकम बुझाएमा लिलामी कारबाही हुने छैन ।
७. लिलाम सदर भए पश्चात दाखिल/खारेज नामसारी गर्दा सम्बन्धित निकायमा तिर्न बाँकी कर, राजस्व, मालपोत, रजिष्ट्रेशन दस्तुर लगायतका सम्पूर्ण राजस्व कर, दस्तुर एवं अन्य भैपरी खर्च धितो जग्गा स्विकार गर्ने बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।
८. धितो सम्पत्ति लिलाम बढाबढमा कसैले नसकारेमा संस्था आफैले सकार गर्न सक्नेछ ।
९. लिलाम बिक्री गर्दा लागेको सम्पूर्ण खर्चहरु ऋणी स्वयंको ज्येथाले व्यहोर्नु पर्नेछ । डाँक बढाबढमा सबैभन्दा बढी बोलकबोल गर्ने व्यक्ति/संस्थालाई दिने वा नदिने सम्पूर्ण अधिकार यसै संस्थामा सुरक्षित रहनेछ ।
१०. अन्य थप जानकारीका लागि संस्थाको कार्यालयमा कार्यालय समयभित्र सम्पर्क गर्न अनुरोध गरिन्छ ।

**श्रीपति बचत तथा ऋण सहकारी संस्था लि.**
**पोखरा-९, कास्की**